# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको २४औं वार्षिक साधारण सभाको
## विवरण तथा निर्णयहरु

१. **वैधानिक सभा :**
यस छिमेक लघुवित्त वित्तीय संस्था लि.को मिति २०८२/०९/०७ गते बसेको सञ्चालक समितिको ३२९औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम २४औं वार्षिक साधारण सभा वित्तीय संस्थाका अध्यक्ष श्री रामचन्द्र जोशीज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति स्थान र समय**
मिति : २०८२/०९/२९ गते मङ्गलबार (तदनुसार जनवरी १३, २०२६)
समय : बिहान ११.०० बजे ।
स्थान : होटल सामना प्रा. लि. को सभाहल, मकवानपुर, हेटौंडा ।

३. **सभाको सूचना :**
कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनी नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना र कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण सेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८२ पौष ८ र ९ गते राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साधारण सेयर दाखिल खारेजीको कार्य बन्द गरिएको मिति २०८२/०९/१४ गतेका दिन कम्पनीको सेयरधनी दर्ता पुस्तिकामा कायम रहेका साधारण सेयरधनी महानुभावहरुको ठेगाना तथा वित्तीय संस्थाको वेबसाईटमा आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन, सभाको प्रवेशपत्र तथा प्रोक्सी फाराम समेत पठाई सकिएको व्यहोराको जानकारी कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठज्यूले सभालाई गराउनु भयो ।

४. **उपस्थिति :**

**(क) सञ्चालक उपस्थिति :**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री रामचन्द्र जोशी | अध्यक्ष |
| २. | श्री ऋषि राज जोशी | सञ्चालक |
| ३. | श्री कर्ण बहादुर घले | सञ्चालक |
| ४. | श्री सुशीला श्रेष्ठ | सञ्चालक |
| ५. | श्री शान्ता शिवाकोटी | सञ्चालक |
| ६. | श्री दिलिप राज रेग्मी | सञ्चालक |

**(ख) पदाधिकारी उपस्थिति :**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री दिपक निधि तिवारी | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री दिलिप कुमार श्रेष्ठ | नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३ | श्री निकेश अधिकारी | सहायक महाप्रबन्धक |
| ४ | श्री दिपक पाण्डे | सहायक महाप्रबन्धक |
| ५ | श्री तारानाथ महतो | प्रमुख, सामाजिक विकास तथा ग्राहक संरक्षण विभाग |
| ६ | श्री विश्वनाथ सिग्देल | प्रमुख, कर्जा तथा सञ्चालन विभाग |
| ७ | श्री हरि राज लोहनी | प्रमुख, जनशक्ति व्यवस्थापन विभाग |
| ८ | श्री निरंजन महतो | प्रमुख, तालिम तथा अनुसन्धान विभाग |

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

| | | |
|---|---|---|
| ९ | श्री उत्सव राज जोशी | प्रमुख, प्रशासन तथा कानुन विभाग |
| १० | श्री वेदनाथ अधिकारी | प्रमुख, आन्तरिक लेखापरीक्षण विभाग |
| ११ | श्री निरञ्जन अर्याल | प्रमुख, सूचना तथा प्रविधि विभाग |
| १२ | श्री उत्तमराज कट्टेल | प्रमुख, लेखा विभाग |
| १३ | श्री सन्दिप लामिछाने | प्रमुख, जोखिम व्यवस्थापन विभाग |
| १४ | श्री सन्दिप पाठक | प्रमुख, योजना तथा सम्पत्ति शुद्धीकरण अनुपालना विभाग |

(ग) आमन्त्रितहरु उपस्थिति :

| | | |
|---|---|---|
| १ | श्री विश्वमित्र श्रेष्ठ | पूर्व अध्यक्ष |
| २ | श्री उदय राज खतिवडा | पूर्व सञ्चालक |
| ३ | श्री ज्ञानेन्द्र राज पाण्डे | पूर्व सञ्चालक |
| ४ | श्री राम सोगारथ साह | पूर्व सञ्चालक |
| ५ | श्री चोलराज शर्मा जोशी | पूर्व प्रमुख कार्यकारी अधिकृत |
| ६ | श्री शोभा मिश्र | पूर्व कम्पनी सचिव एवं नायव महाप्रवन्धक<br>हाल अध्यक्ष छिमेक बजार व्यवस्था कम्पनी लि. |
| ७ | श्री सुवास भण्डारी | प्रतिनिधि हिमालयन बैंक लि. |
| ८ | श्री विशाल डंगोल | प्रतिनिधि नविल बैंक लि. |
| ९ | श्री रविन दाहाल | प्रतिनिधि ग्लोबल आईएमई बैंक लि. |
| १० | श्री ईश्वर राज ढकाल | वरिष्ठ अधिवक्ता, निर्वाचन अधिकृत |
| ११ | श्री भिमसेन रायमाझी | कानुनी सल्लाहकार |
| १२ | श्री प्रेम कुमार नायजु | अध्यक्ष, छिमेक कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि. |
| १३ | श्री आशिस राज पाण्डे | प्रतिनिधि एनएमबी क्यापिटल लि. |
| १४ | श्री साजन लाखे | प्रतिनिधि एनएमबी क्यापिटल लि. |

(घ) सेयरधनीहरु उपस्थिति :

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित सेयरधनी सङ्ख्या | ४५ | २१५ | २६० |

५. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेस गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ गतेसम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक श्री BRS Neupane & Co. ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ।)

४. सर्वसाधारण सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकहरुको निर्वाचन गर्ने।

५. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तीन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) को १२.५ प्रतिशतले हुन आउने रकम रू.४०,१९,१८,२३३.५ (अक्षरेपी चालीस करोड उन्नाइस लाख अठार हजार दुई सय तेत्तीस रुपैयाँ पैसा पचास मात्र) नगद लाभांश (बोनस सेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने।

(ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८१/८२ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तीन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) को १२.५ प्रतिशतले हुन आउने रकम रू.४०,१९,१८,२३३.५० (अक्षरेपी चालीस करोड उन्नाइस लाख अठार हजार दुई सय तेत्तीस रुपैयाँ पैसा पचास मात्र) बराबरको बोनस सेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने।

२. बोनस सेयर जारी गरेपश्चात् कम्पनीको जारी पुँजी तथा चुक्ता पुँजी वृद्धि हुने भएकाले कम्पनीको प्रबन्ध पत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गर्ने सम्बन्धमा।

३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

४. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु वृद्धि/थप गर्ने र सोहि बमोजिम नियमावलीको नियम ३१(ख) र (ग) मा आवश्यक संशोधन गर्ने।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरुमा संलग्न तिन महले अनुसार आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न तथा अभिलेख गराई लिन सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने।

(ग) विविध

६. गणपूरक संख्या, सभाको वैधानिकता :

(क) यस साधारण सभा प्रयोजनको लागि कम्पनीको सेयरधनी दर्ता पुस्तिका तथा साधारण सेयर दाखिल खारेजी कार्य बन्द भएको मिति २०८२ पौष १४ गतेसम्म कायम सेयरधनीहरु तथा उनीहरुले लिएको साधारण सेयरको विवरण यस प्रकार रहेको थियो।

| बिवरण | | संस्थापक | सर्वसाधारण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| कुल सङ्ख्या | सेयरधनीहरु | १२१ | ४०,८६५ | ४०,९८६ | |
| | साधारण सेयर | १,६३,९८,२६३.९३ | १,५७,५५,१९४.७५ | ३,२१,५३,४५८.६८ | |

(ख) सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (वित्तीय संस्थाका सेयरधनीहरु स्वयम् वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित सेयरधनीहरुले ग्रहण गरेको सेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थिति विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं उपस्थिति संख्या (क) | सेयरधनीहरु | २७ | १६० | १८७ |
| | साधारण सेयर | १,३४,२६,४९७ | ३५,३७,७९० | १,६९,६४,२८७ |
| प्रतिनिधिद्वारा उपस्थिति संख्या (ख) | सेयरधनीहरु | १८ | ५५ | ७३ |
| | साधारण सेयर | ११,८०,५८९ | ४,८७,८१५ | १६,६८,४०४ |
| जम्मा उपस्थिति संख्या (क)+(ख) | सेयरधनीहरु | ४५ | २१५ | २६० |
| | साधारण सेयर | १,४६,०७,०८६ | ४०,२५,६०५ | १,८६,३२,६९१ |
| **साधारण सेयर संख्याको आधारमा** | | ८९.०८% | २५.६०% | ५७.९५% |

कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा कम्पनीको नियमावली, २०६२ को नियम (५) मा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५७.९५ प्रतिशत सेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानुन बमोजिम रित पुगी कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालन गर्न बैधानिक रहेको सेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भएको थियो ।

७. **सभाको सभापतित्व र सभा सञ्चालन :**

साधारण सभाको सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ एवम् कम्पनीको नियमावली अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रामचन्द्र जोशीज्यूलाई अनुरोध गर्नुभयो र सञ्चालक समितिका अध्यक्षले सभाको सभापतित्व गर्नुभयो । प्रचलित कानुनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतिले वार्षिक साधारण सभाको काम कारवाही अगाडी बढ्यो ।

८. **सञ्चालक श्री ऋषि राज जोशीज्यूबाट स्वागत मन्तव्य :**

वित्तीय संस्थाका सञ्चालक श्री ऋषि राज जोशीज्यूले २४औं वार्षिक साधारण सभामा सहभागी हुनुभएका सम्पूर्ण सेयरधनी महानुभावहरु, आमन्त्रित अतिथि महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभयो ।

९. **सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रामचन्द्र जोशीज्यूले आफ्नो मन्तव्य सहित वित्तीय संस्थाको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो । सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिसम्मको नाफा नोक्सान विवरण, नाफा नोक्सान बाँडफाँट विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेस भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :**

छलफलमा भाग लिदै निम्न सेयरधनी महानुभावहरुले आ-आफ्नो जिज्ञासा एवं सुझावहरु सभामा राख्नुभयो ।

**(क) उदय राज खतिवडा**

- लघुवित्त संस्था एक सामाजिक बैंकिङ पनि भएकोले वित्तीय संस्थाले हाल सञ्चालन गरेका सामाजिक कार्यहरुलाई निरन्तरता दिनुपर्ने सुझाव राख्नुभयो ।



CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

(ख) रामकृष्ण पाण्डे

- धेरै लघुवित्त संस्थाहरुले लाभांश नै दिन नसकेको अवस्थामा पनि पच्चिस प्रतिशत लाभांश प्रस्ताव गर्नुभएकोमा सञ्चालक समिति प्रति धन्यवाद दिनुभयो । प्रस्तावित लाभांशलाई नगदमा मात्र प्रस्ताव गरिएको भए अझ राम्रो हुने थियो भन्ने सुझाव दिनुभयो ।

(ग) हरि प्रसाद डुम्राकोटी

- उच्चदरको लाभांश प्रस्तावको लागि धन्यबाद ज्ञापन गर्दै आगामी आर्थिक वर्षहरुमा पनि सेयरधनीहरुको उच्च प्रतिफलको अपेक्षा पुरा गर्न के कस्ता रणनीति र योजना रहेका छन् ? भन्ने जिज्ञाशा राख्नुभयो ।

(घ) राजेन्द्र पन्थ

- सेयरधनीहरुलाई अत्यधिक प्रतिफलको लागि प्रस्तावित २५ प्रतिशत लाभांश बोनस सेयरका रुपमा वितरण गर्नुपर्ने सुझाव दिनुभयो ।

(ङ) अर्जुन पन्त

- हरेक वर्षको साधारण सभामा मर्जर सम्बन्धी प्रस्ताव आउने गरेको तर हालसम्म किन कुनै संस्थासँग मर्जर नगरिएको ? भन्ने जिज्ञासा राख्नुभयो ।

(घ) राजन रेग्मी

- मर्जर/प्राप्ती गरिएको खण्डमा विगत २५ वर्ष देखि लघुवित्त क्षेत्रमा उत्कृष्टता कायम गर्न सफल छिमेकको नाम र प्रतिष्ठा कायम रहने गरी मात्र मर्जर गर्न सुझाव दिनुभयो ।

(घ) सन्जय राज विष्ट

- नेपालमा विगतमा मर्जर गरिएका अन्य बैंक तथा वित्तीय संस्थाहरुमा विविध समस्याहरु देखिएकोले सकेसम्म मर्जर नगर्न सुझाव दिनुभयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापति एवं सञ्चालक समितिका अध्यक्षज्यूले दिनुभएको प्रतिउत्तर :**

सेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सल्लाह, सुझावका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै सेयरधनी महानुभावले राख्नुभएको प्रश्न तथा जिज्ञासाको सम्बन्धमा सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्षज्यूबाट निम्न अनुसार स्पष्ट पार्नुभयो ।

(क) वित्तीय संस्थालाई आजको अवस्थामा पुऱ्याउन यस वित्तीय संस्थाले सञ्चालन गरेका ग्राहक सदस्यहरुको हित अनुकुलका सामाजिक कार्यको महत्वपूर्ण योगदान रहेको छ । हाल देशमा लघुवित्त क्षेत्रमा देखिएका समस्याहरुको समाधानको लागि ग्राहक सदस्य मैत्री कार्यक्रमहरुको झन आवश्यक्ता देखिएकोले ग्राहक संरक्षणसँग सम्बन्धित सामाजिक कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिइने जानकारी सभालाई गराउनुभयो ।

(ख) सर्वसाधारण सेयरधनी र संस्थापक सेयरधनी दुवैको हित, वित्तीय संस्थाको आवश्यकता समेत ध्यानमा राखि नगद लाभांश १२.५ प्रतिशत र बोनस सेयर १२.५ प्रतिशत प्रस्ताव गरिएको जानकारी सभालाई गराउनुभयो ।

(ग) वित्तीय संस्थाले विगत देखि नै आफ्ना लगानीकर्तालाई उच्च प्रतिफल वितरण गर्दै आएको छ र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने योजना रहेको छ । उच्च प्रतिफलको निरन्तरताको लागि वित्तीय संस्थासँग हाल सञ्चित मुनाफा पनि राम्रै रकम रहेको र वित्तीय संस्थालाई आवश्यक पर्दा आगामी वर्षहरुमा वितरण गर्न सकिने छ । साथै, चालु आ.व.को हालसम्मको मुनाफा पनि संतोषजनक रहेको छ । मुनाफाको निरन्तरताको लागि खराव ऋण असुली गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । समीक्षा आ.व.को तुलनामा धितो ऋणको अधिकतम् सीमा बृद्धि भएकोले ऋण लगानी वृद्धि भई आम्दानी बढ्ने देखिन्छ । अतः आगामी वर्षमा पनि सेयरधनीहरुलाई राम्रो प्रतिफल वितरण गर्न सकिनेमा सञ्चालक समिति विश्वस्त रहेको जानकारी सभापतिज्यूले सभालाई गराउनु भयो ।

(घ) सेयरधनीहरुको सल्लाहलाई मध्यनजर गर्दै यस वित्तीय संस्थाले हालसम्म सेयरधनी र ग्राहक माझ आर्जन गरेको प्रतिष्ठा र विश्वासलाई निरन्तरता दिन सकिने प्रस्ताव अन्य संस्थाबाट प्राप्त भएमा र सो प्रस्ताव वित्तीय संस्थाको हितमा उपयुक्त रहेको सञ्चालक समितिले ठानेमा मर्जर गर्ने जानकारी गराउनु भयो ।



CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

११. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव

१. प्रस्ताव नं. १ बमोजिम सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेस गर्नुहुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल भैसकेकोले सो लाई पारित गरियोस भनी सभापतिज्यूले निर्णयार्थ पेस गर्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा । (वर्तमान लेखापरीक्षक श्री BRS Neupane & Co. ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।) प्रस्ताव उपर छलफल गरी लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८२/०८३ का लागि BRS Neupane & Company लाई Statutory Audit र Tax Audit समेतको कार्य गर्न नियुक्त गर्ने र सो कार्यका लागि त्यस कम्पनीलाई Transportation, Lodging, Fooding लगायत अन्य सम्पूर्ण खर्चहरु समेत (मुल्य अभिवृद्धि कर सहित) कुल रु.११,३०,०००।- (अक्षरेपी एघार लाख तीस हजार रुपैया मात्र) मा नवढ्ने गरी उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

४. प्रस्ताव नं. ४ बमोजिम यस वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदका लागि मिति २०८२/०९/२९ मा सम्पन्न भएको निर्वाचनमा श्री प्रकाश राज विष्ट निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा निर्वाचन अधिकृत श्री ईश्वर राज ढकालले घोषणा गर्नु भए बमोजिम श्री प्रकाश राज विष्टलाई आगामी ४ वर्ष कार्यकालका लागि सर्वसम्मतीबाट सञ्चालकमा नियुक्त गर्ने निर्णय पारित भयो ।

५. प्रस्ताव नं.५ बमोजिम सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तीन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) को १२.५ प्रतिशतले हुन आउने रकम रू.४०,१९,१८,२३३.५ (अक्षरेपी चालीस करोड उन्नाइस लाख अठार हजार दुई सय तेत्तीस रुपैयाँ पैसा पचास मात्र) नगद लाभांश (बोनस सेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृतीका लागि सभापतिज्यूले राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ख) विशेष प्रस्ताव

१. प्रस्ताव नं. १ बमोजिम सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८१/८२ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तीन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) को १२.५ प्रतिशतले हुन आउने रकम रू.४०,१९,१८,२३३.५० (अक्षरेपी चालीस करोड उन्नाइस लाख अठार हजार दुई सय तेत्तीस रुपैयाँ पैसा पचास मात्र) बराबरको बोनस सेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रू.३,६१,७२,६४,१०१.५० (अक्षरेपी तिन अर्ब एकसट्ठी करोड बहत्तर लाख चौसट्ठी हजार एक सय एक रुपैयाँ पैसा पचास मात्र) पुऱ्याउने सम्वन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

२. प्रस्ताव नं. २ बमोजिम बोनस सेयर जारी गरेपश्चात् कम्पनीको जारी पुंजी तथा चुक्ता पुंजी वृद्धि हुने भएकाले कम्पनीको प्रबन्ध पत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन सन्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

४. प्रस्ताव नं. ४ बमोजिम सन्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु वृद्धि/थप गर्ने र सोहि बमोजिम नियमावलीको नियम ३१(ख) र (ग) मा आवश्यक संशोधन गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

५. प्रस्ताव नं. ५ बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (चुक्ता पुंजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न सन्चालक समिति (वा सन्चालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रमा प्रस्तावित संशोधनहरु :**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (१) **दफा ५. वित्तीय संस्थाको पुंजीको संरचना :** वित्तीय संस्थाको पुंजी संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(ख) वित्तीय संस्थाको जारी पुंजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तिन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसठ्ठी रुपैयाँ मात्र) हुनेछ । सो पुंजीलाई प्रति सेयर रु.१००।- दरका ३,२१,५३,४५८.६८ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पुंजी रु.३,२१,५३,४५,८६८।- (अक्षरेपी तिन अर्ब एक्काइस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसठ्ठी रुपैयाँ मात्र) हुनेछ । | (१) **दफा ५. वित्तीय संस्थाको पुंजीको संरचना :** वित्तीय संस्थाको पुंजी संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(ख) वित्तीय संस्थाको जारी पुंजी ३,६१,७२,६४,१०१.५० (अक्षरेपी तिन अर्ब एकसठ्ठी करोड बहत्तर लाख चौसठ्ठी हजार एक सय एक रुपैयाँ पैसा पचास मात्र) हुनेछ । सो पुंजीलाई प्रति सेयर रु.१००।- दरका ३,६१,७२,६४१.०१५ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पुंजी रु. ३,६१,७२,६४,१०१.५० (अक्षरेपी तिन अर्ब एकसठ्ठी करोड बहत्तर लाख चौसठ्ठी हजार एक सय एक रुपैयाँ पैसा पचास मात्र) हुनेछ । | बोनस सेयर जारी गरे पश्चात जारी र चुक्ता पुंजी बृद्धि हुने भएकोले |

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

नियमावलीमा प्रस्तावित संशोधनहरु :

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३१. सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था:**<br><br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश: रु.८,०००।- र रु.७,५००।- हुनेछ । सञ्चालक स्तरीय समिति/उप-समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई सञ्चालक सरह बैठक भत्ता प्रदान गरिने छ ।<br><br>(ग) (इ) **स्वदेश भ्रमणमा दैनिक भत्ता तथा अन्य खर्च** : अध्यक्ष एवं सञ्चालकलाई वित्तीय संस्थाको काममा भ्रमण गर्दा दैनिक भत्ता रु.३,०००।-, होटल खर्च बापत बिल बमोजिम बढीमा दैनिक रु.३,०००।- सम्म तथा वास्तविक लागेको यातायात खर्च । | **नियम ३१. सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था:**<br><br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश: रु.१०,०००।- र रु.९,५००।- हुनेछ । सञ्चालक स्तरीय समिति/उप-समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई सञ्चालक सरह बैठक भत्ता प्रदान गरिने छ ।<br><br>(ग) (इ) **स्वदेश भ्रमणमा दैनिक भत्ता तथा अन्य खर्च** : अध्यक्ष एवं सञ्चालकलाई वित्तीय संस्थाको काममा भ्रमण गर्दा दैनिक भत्ता रु.४,०००।-, होटल खर्च बापत बिल बमोजिम बढीमा दैनिक रु.५,०००।- सम्म तथा वास्तविक लागेको यातायात खर्च । | समय अनुसार बृद्धि गर्न आवश्यक देखिएकोले |

(ग) विविध प्रस्ताव तर्फ :

(१) **सञ्चालक पदावधि थपको अनुमोदन तथा सम्मान :** सर्वसाधारण सेयरधनीहरुको तर्फबाट यस वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने श्री ऋषिराज जोशीज्यूको कार्यकाल मिति २०८२।०९।२२ गते समाप्त हुने भएकोले यस वित्तीय संस्थाको नियमावलीको नियम ८ (घ) मा भएको व्यवस्था बमोजिम मिति २०८२ साल पौष २२ गते बसेको यस वित्तीय संस्थाको ३३०औं सञ्चालक समितिको बैठकले वार्षिक साधारण सभा नभएसम्मको लागि श्री ऋषिराज जोशीज्यूलाई नै सञ्चालक पदमा निरन्तरता दिने गरी पदावधि थप गर्ने निर्णय भएकोले यस वार्षिक साधारण सभाद्वारा सो निर्णयको अनुमोदन गरिएको छ । साथै, श्री ऋषि राज जोशीज्यूलाई यस वित्तीय संस्थाको सर्वसाधारण सेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्दै मिति २०७८।०९।२३ देखि मिति २०८२।०९।२९ सम्म सञ्चालकको रुपमा रही यस वित्तीय संस्थाको प्रगतिलाई थप उचाइमा पुऱ्याउने कार्यमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै वहाँको उज्ज्वल भविष्यको कामना सहित यस वित्तीय संस्थाको २४औं वार्षिक साधारण सभाको सु-अवसरमा **कदरपत्र** प्रदान गरिएको छ ।

(२) **धन्यवाद ज्ञापन :** सभापतिज्यूको अनुमति लिई वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री दिपक निधि तिवारीज्यूले बैंक वित्तीय संस्था प्रति हाल विभिन्न तत्वहरुले भ्रामक एवं नकारात्मक अफवाह फैलाइएको अवस्थामा पनि हाम्रा ग्राहक सदस्य तथा सेयरधनी महानुभावले दिनुभएको साथ र सर्मथनका कारण वित्तीय संस्थाले निरन्तर प्रगति हासिल गरेको उल्लेख गर्नुभयो । हाम्रा ग्राहकवर्गलाई निरन्तर गुणस्तरीय, ग्राहकमैत्री सेवा प्रदान गर्न सम्पूर्ण कर्मचारी वर्ग प्रतिवद्ध रहेको जानकारी गराउदै आगामी दिनमा अझ ग्राहक वर्गका आवश्यकता बमोजिमका कार्यक्रम सञ्चालन गरिने सभालाई जानकारी गराउनु भयो । वित्तीय संस्थाको प्रगतिमा साथ दिनुहुने सञ्चालक समिति, कार्यरत कर्मचारी र ग्राहक सदस्यलाई हृदय देखि नै आभार व्यक्त गर्दै साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी, अतिथि महानुभाव एवं कर्मचारी सबैलाई धन्यवाद दिनुभयो ।

CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED
KATHMANDU 2001
CHHIMEK

कम्पनी सचिव श्री दिलिप कुमार श्रेष्ठज्यूबाट आजको यस २४औं वार्षिक साधारण सभामा समावेश विषय सूची अन्तर्गतका सम्पूर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभाको औपचारिक कार्यक्रम समापन गरिदिनुहुनको लागि सभाका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

(३) विषय सूचीमा रहेका सम्पुर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात सभापतिज्यूले संस्थापक अध्यक्ष स्व. भुवनेश्वरी पन्त ज्यूको स्मरण गर्दै उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरूलाई यस सभालाई सफल वनाउन पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी यस सभालाई सफलता पूर्वक सम्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउने सम्पुर्ण सेयरधनी महानुभावहरुका साथै नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लि., बाह्य लेखापरीक्षक, एनएमबी क्यापिटल, निर्वाचन अधिकृत एवं कानुनी सल्लाहकार तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार महानुभावहरु, सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरु लगायत सभाहल उपलब्ध गराउने होटल सामनालाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दै यस २४औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम अपरान्ह १:०० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

**साधारण सभाको औपचारिक कार्यक्रमको समापन पश्चात् दोश्रो चरणमा वित्तीय संस्थामा उत्कृष्ट कार्य गर्ने शाखाहरुलाई पुरस्कार वितरण गरिएको थियो ।**

- <u>उत्कृष्ट कार्य गर्ने शाखालाई पुरस्कार वितरण :</u>

उक्त अवसरमा आ.व. २०८१/८२ मा वित्तीय संस्थाको प्रदेश स्तरमा उत्कृष्ट कार्य सम्पादन गर्ने कोशी प्रादेशिक कार्यालय अन्तर्गत **धरान शाखा**, मधेश प्रादेशिक कार्यालय अन्तर्गत **जलेश्वर शाखा**, बागमती र गण्डकी प्रादेशिक कार्यालय अन्तर्गत **बनेपा शाखा**, लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गत **भालुवाङ शाखा** र कर्णाली र सुदूरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गत **शुक्लाफाँटा शाखालाई** प्रशंसा-पत्र र नगद पुरस्कार रु.११,०००।- का दरले वित्तीय संस्थाका अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट संयुक्त रुपमा प्रदान गरिएको थियो ।

| | | |
|---|---|---|
| ................ | CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LIMITED, KATHMANDU 2001, CHHIMEK | ................ |
| दस्तखत | | दस्तखत |
| श्री दिलिप कुमार श्रेष्ठ | | श्री रामचन्द्र जोशी |
| कम्पनी सचिव | | अध्यक्ष |